
# सान्नी त्रिवेणी गाउँपालिका कालिकोट

## खानेपानी उपभोक्ता तथा सरसफाइ

## संस्था/समितिको बिधान



CamScanner

# विषयसूची

प्रारम्भिक: ........ १

परिच्छेद–१ ........ १

परिच्छेद – २ ........ ६

परिच्छेद-३ ........ १५

परिच्छेद–४ ........ २०

परिच्छेद- ५ ........ ३५

परिच्छेद -६ ........ ३८

परिच्छेद-६ ........ ४५

CamScanner

..........................................................................खानेपानी उपभोक्ता तथा सरसफाइ

## संस्था/समितिको विधान

**प्रस्तावना**

नेपालको संविधानले परिकल्पना गरे बमोजिम सम्पूर्ण नेपालीलाई सफा, स्वच्छ र पर्याप्त खानेपानी सुविधा उपलब्ध गराउने प्रयोजनको लागि खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापनका माध्यमबाट घरेलु, व्यापारिक, औद्योगिक वा अन्य प्रयोजनका लागि स्वच्छ खानेपानी तथा सरसफाइ सेवा प्रवाह गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा तथा देशको समग्र विकासमा सहयोग पुर्याउने उद्देश्यले यस........................................................खानेपानी तथा सरसफाई उपभोक्ता संस्था / समितिको स्थापना गरिएको छ ।

### प्रारम्भिकः

### परिच्छेद—१

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस संस्थाको को नाम "..............................खानेपानी तथा सरसफाइ संस्था / समिति" हुनेछ ।

१. यो विधान सान्नी त्रिवेणी गाउँ पालिका प्रमुख/अध्यक्षबाट स्वीकृती/ अनुमति प्राप्त भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

२.१ "विधान" भन्नाले ............खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिको विधानलाई जनाउनेछ।

२.२ "संस्था" भन्नाले यस विधान वमोजिम गठन भएको.....................खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था वा समितिलाई जनाउनेछ।

२.३ "कार्यकारी समिति" भन्नाले विधानको धारा १४ वमोजिम गठित कार्यकारी समितिलाई सम्झनुपर्छ।यो शब्दले विधान पास गराई पहिलो कार्यकारी समितिको निर्वाचन नभएसम्मका लागि रहने तदर्थ कार्यकारी समितिलाई समेत जनाउनेछ।

२.४ "अध्यक्ष" भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको अध्यक्षलाई जनाउनेछ।

२.५ "उपाध्यक्ष" भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको उपाध्यक्षलाई जनाउनेछ।

२.६ "कोषाध्यक्ष" भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको कोषाध्यक्षलाई जनाउनेछ।



मोहन बहादुर के.सी
खा पा. अध्यक्ष

CamScanner

२.७ "सचिव" भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको सचिवलाई जनाउनेछ।

२.८ "सदस्य" भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको पदाधिकारीलाई जनाउनेछ साथै यस शब्दले यस विधान बमोजिम साधारण सदस्यता प्राप्त गर्ने व्यक्तिलाई समेत जनाउनेछ।

२.९ "उपभोक्ता" भन्नाले यस विधान बमोजिम गठित खानेपानी उपभोक्ता संस्था/समितिले खानेपानी तथा सरसफाइ उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकायलाई जनाउनेछ।

२.१० "सेवा" भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता संस्था/समितिले उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानी तथा सरसफाइ सेवालाई सम्झनु पर्छ।

२.११ "खानेपानी" भन्नाले घरेलु, व्यापारिक, औद्योगिक वा अन्य उपयोगको निमित्त वितरण गरेको स्वच्छ र स्वस्थ खानेपानीलाई जनाउनेछ।

२.१२ "जलस्रोत" भन्नाले भू–सतहमा वा भूमिगतरुपमा रहेको वा अन्य जुनसुकै अवस्थामा रहेको प्राकृतिक पानीलाई जनाउनेछ।

२.१३ "आयोजना" भन्नाले यस संस्थाले सञ्चालन गर्ने खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजनालाई जनाउनेछ।

२.१४ "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे वापत सेवाग्राहीले उपभोक्ताले संस्थालाई बुझाउनु पर्ने सेवा शुल्कलाई जनाउनेछ । सो शब्दले विलम्ब शुल्क लगायत अन्य शुल्क समेतलाई जनाउनेछ।

२.१५ "महसुल" भन्नाले खानेपानी तथा सरसफाइ आपूर्ति सम्बन्धी सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा उपभोग गर्ने सेवाग्राहीबाट स्थानीय सरकार संचालन ऐन बमोजिम निर्धारीत दरमा संकलन गरिने महसुललाई जनाउनेछ।

२.१६ "संरचना" भन्नाले खानेपानीको स्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न शुद्धीकरण गर्न वा वितरण गर्न बनाइएको जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनुपर्छ । सो शब्दले त्यस्तै उद्देश्यले बनाइएका पानी टयांकी, पाइपलाइन, निकास, धारा, कार्यालय वा अन्य त्यस्तै प्रकारका अन्य संरचना समेतलाई जनाउनेछ।

२.१७ "सर्वेक्षण" भन्नाले संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट वितरण गर्न सक्ने खानेपानीको परिणाम, लाभान्वित हुने परिवार तथा सदस्य संख्या समेतको विश्लेषण गरी खानेपानी तथा सरसफाइ उपयोगको लागि गरिने सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यस्तोको लागि गरिने अन्वेषणको कार्य समेतलाई जनाउनेछ।

२.१८ "सम्झौता" भन्नाले संस्थाले परियोजनाको निर्माण, कार्यान्वयन, संचालन वा व्यवस्थापन गर्न नेपाल सरकार, संघ संस्था तथा अन्य कुनै निकायहरु संग गरेको सम्झौतालाई जनाउनेछ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष



CamScanner

२.१९ "ऋण" भन्नाले संस्थाले कुनै चल अचल सम्पत्ति धितोमा राखी वा नराखी, जमानी दिई वा नदिई कुनै पनि परियोजनाको निर्माण, सम्भार मर्मत तथा सञ्चालन गर्न नेपाल सरकार वा कानून वमोजिम गठित कुनै संघ संस्थाबाट तोकिएको अवधीमा साँवा ब्याज समेत फिर्ता गर्ने गरी लिएको रकमलाई जनाउनेछ।

२.२० "साधारण सभा" भन्नाले संस्थाको साधारण सभालाई जनाउनेछ । सो शब्दले संस्थाको विशेष साधारण सभालाई समेत जनाउनेछ ।

२.२१ "आर्थिक वर्ष" भन्नाले श्रावणको १ गते देखि असारको अन्तिम ३१ गतेसम्मको समयलाई जनाउनेछ।

२.२२ "कर्मचारी" भन्नाले कार्यकारी समितिले संस्थाले सञ्चालन गरेको आयोजनाको दैनिक कार्य संचालन गर्न नियुक्त गरेको कर्मचारीलाई जनाउनेछ।

२.२३ "व्यवस्थापक" भन्नाले खानेपानी आयोजनालाई व्यवस्थित रुपमा संचालन तथा व्वस्थापन गर्ने उद्देश्यले कार्य क्षमतामा आधारित भुक्तानी गर्ने गरी नियुक्त गरिएको व्यक्तिलाई जनाउनेछ।

## परिच्छेद — २
## संस्थाको स्थापना, चिन्ह र छाप

३. **संस्थाको स्थापनाः**

३.१ नेपाल सरकारले तोकिएको वा कार्यकारी समितिले तोकिएको क्षेत्रमा सामूहिक लाभको दृष्टिकोणले स्वच्छ खानेपानीको आपूर्ति गर्न तथा सरसफाइ व्यवस्थाको समुचित व्यवस्था गर्नको लागि ........................ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको स्थापना गरिएको छ ।

३.२ संस्थाको प्रधान कार्यालय .........मा रहनेछ र कार्यकारी समितिबाट निर्णय गरी आवश्यकतानुसार अन्य कार्यालयहरु थप गर्न सकिनेछ ।

४. **संस्था संगठित संस्था हुनेः**

(क) यो उपभोक्ता संस्था/समिति अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित संगठित संस्था हुनेछ ।

(ख) संस्था/समितिको सम्पूर्ण काम कार्यवाहीको निमित्त यसै विधानको अनुसूचीमा उल्लेख भएबमोजिमको आफ्नो छुट्टै एउटा छाप हुनेछ ।

(ग) संस्था/समितिले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(घ) संस्था/समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष



CamScanner

**५. संस्थाको उद्देश्यः**

प्रचलित ऐन, नियम, कानून तथा समय समयमा नेपाल सरकारबाट प्राप्त निर्देशनको अधिनमा रही आवश्यकतानुसार सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय राखी कार्यहरु गर्ने गरी संस्थाका निम्नलिखित उद्देश्यहरु रहनेछन्।

५.१ घरेलु, व्यापारिक औद्योगिक तथा अन्य उपभोगको लागि खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना तर्जुमा गर्ने र आयोजनाको निर्माण सञ्चालन, मर्मत तथा सम्भार र विस्तार गरी नियमित रुपमा स्वच्छ, पर्याप्त र गुणस्तरयुक्त खानेपानी आपूर्ति गरी आयोजना कार्यान्विन गर्ने गराउने ।

५.२ आयोजना क्षेत्रभित्र रहेका पुरानो खानेपानी प्रणालीको उचित मर्मत सम्भार र संरक्षण गर्दै खानेपानी तथा सरसफाइ आयोजनाको दिगो सञ्चालन, व्यवस्थापन गरी न्यून आय भएका समुदायका लागि समेत खानेपानी तथा सरसफाइको सेवा उपलब्ध गर्ने गराउने।

५.३ खानेपानीको स्रोत तथा वितरण र सरसफाइ सम्बन्धी अध्ययन, अनुसन्धान सर्वेक्षण गरी स्रोत देखि वितरण स्थलसम्मको बाटो निर्धारण गर्ने र सोको रेखाङ्कन गरी खानेपानीका संरचना तथा सरसफाइ सम्बन्धी कामको लागि आवश्यक निर्माण कार्य गर्ने गराउने।

५.४ संस्थाले आयोजना सञ्चालन गर्दा अचल सम्पत्ति आवश्यक भए प्रचलित कानून बमोजिम अचल सम्पत्ति अधिग्रहण गरी आयोजनालाई व्यवस्थित किसिमबाट सञ्चालन गर्ने गराउने ।

५.५ खानेपानी आपूर्ति तथा सरसफाइ आयोजनाको आयोजना सञ्चालन, हस्तान्तरण तथा नेपाल सरकारले तोकिदिएको खानेपानी तथा सरसफाई सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने गराउने।

५.६ खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति, निकाय र उपभोक्ताबाट संस्थाले तोकेको दरमा महसुल शुल्क, विलम्ब शुल्क आदि लिई सेवा प्रदान गर्ने गराउने।

५.७ संस्थाले सञ्चालन गरेको खानेपानी तथा सरसफाई आयोजनाका सम्बन्धमा संस्था र नेपाल सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय दातृ संघ संस्था तथा अन्य निकायहरुका बीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने कार्यहरु गर्ने गराउने।

५.८ संस्थाले सञ्चालन गरेको खानेपानी तथा सरसफाईको उपयोगको सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने, दुरुपयोग हुन नदिनुका साथै श्रोतमा हुने प्रदूषण नियन्त्रण गर्ने।

५.९ खानेपानी तथा सरसफाईको लागि पाइपलाइनको आवश्यक मर्मत/ सम्भार गर्ने गराउने।

५.१० नेपाल सरकारले खानेपानीकालागि निर्धारण गरेको राष्ट्रिय गुणस्तर मापदण्ड अनुरुपको पानी संस्थाले आम उपभोक्ताहरुलाई उपलब्ध गर्ने गराउने।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

५.११ संस्थाले कुनै चल अचल सम्पत्ति धितो बन्धक वा अन्य आवश्यक संरक्षण तथा जमानत दिई वा नदिई कुनै सरकारी वा गैरसरकारी निकायसंग ऋण लिई आयोजनाको निर्माण कार्यान्वयन तथा सञ्चालन गर्ने गराउने।

५.१२ नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी व्यवस्थापन बोर्ड, प्रदेश तथा स्थानीय सरकारले तोकेको नियम कानून तथा मार्गदर्शन भित्र रही खानेपानी सेवा संचालन तथा व्यवस्थापन गर्ने।

५.१३ संस्थाको लागि आवश्यक पर्ने श्रम वा सेवा लिदा यथासक्य स्थानीय सेवा क्षेत्रका मानिसलाई प्राथमिकता दिने ।

५.१४ सेवा उपलव्ध गराउँदा सबैलाई समान रुपमा कुनै भेदभाव बिना गराउने । सेवा क्षेत्रमा रहेका अति बिपन्न बर्गलाई सहुलियतमा सेवा उपलब्ध गराउने ।

५.१६ संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक पर्ने अन्य सम्पूर्ण कार्य गर्ने गराउने ।

६. कार्यक्षेत्र

६.१ यस ... ... ... खानेपानी आयोजनाको मुहान/श्रोत र पम्प गरेको ठाउँ सान्नी त्रिवेणी गाउँपालिका वडा नं .... कार्य क्षेत्रभित्र रहेको सम्झनु पर्दछ ।

६. सान्नी त्रिवेणी गाउँपालिका वडा नं. ... .अन्तर्गत क्रमशः ... ... ... गाउँ र बस्तीहरू भएर आउने प्रशारण लाइन र सो लाइनमा पर्ने सम्पूर्ण संचनाहरू यस समितिको प्रसारण कार्य क्षेत्र रहनेछ तथा यस अन्तर्गतका पानीपोखरी, सार्वजनिक धाराहरू समेतको समुचित सम्बर्द्धन र संरक्षण पनि यस समितिको कार्य क्षेत्र भित्र पर्दछन् ।

६.३ वितरण क्षेत्रतर्फ सान्नी त्रिवेणी गाउँपालिका वडा नं ... यस समितिको वितरण कार्य क्षेत्र वा सेवा क्षेत्र मानिने छ ।

७. सदस्यताः संस्थामा देहाय वमेजिमका सदस्य हुन सक्नेछन् ।

७.१ साधारण सदस्यः संस्थाको कार्यक्षेत्र भित्रका सेवा उपयोग गर्ने स्वास्थ चौकी, समाजिक संघ संस्था, दैवी प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएको शिविर, विद्यालय, सरकारी वा गैरसरकारी कार्यालय, उद्योग, कारखाना तथा सर्वसाधारण नागरिकलाई साधारण सदस्य प्रदान गर्न सक्नेछ । सामान्यतया जसको नाममा धारा जडान भएको छ सोही व्यक्ति र उद्योग, व्यवसाय, सरकारी कार्यालय तथा संघ संस्थाको हकमा कार्यालयको प्रमुख वा निजले तोकेको व्यक्तिलाई यस संस्थाको साधारण सदस्यता प्रदान गरिनेछ ।

७.२ आजीवन सदस्यः संस्थालाई विशेष योगदान दिने र संस्थाको साधारण सदस्यता प्राप्त गरि सकेका व्यक्तिलाई कार्य समितिको निर्णयानुसार आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष



CamScanner

७.३ मानार्थ सदस्यः कार्य समितिको निर्णयले संस्थालाई विशेष योगदान दिने व्यक्ति वा संघ संस्थालाई मानार्थ सदस्यता पनि प्रदान गर्न सकिनेछ । यस्तो सदस्यता स्वदेशी संघ संस्था तथा विदेशी संस्था तथा व्यक्तिलाई पनि दिन सकिनेछ । मानार्थ सदस्य सदस्यले मतदानमा भाग लिन पाउने छैन ।

८. **सदस्य शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

८.१ संस्थाले तोकेको आवेदन फाराम भरी संस्थाको सदस्यताका लागी योग्यता पुगेको व्यक्तिले संस्थाको सदस्यताका लागी आवेदन दिन सक्ने छ । संस्थाको सदस्यता प्राप्त गरी सकेपछि प्रत्येक साधारण सदस्यले वार्षिक रुपमा निर्धारित समय भित्र तोकेको शुल्क बुझाई संस्थाको सदस्यता नविकरण गर्नु पर्नेछ । साधारण र आजीवन सदस्यताको दस्तुर निम्न अनुसार रहनेको छ ।

क) साधारण सदस्यता शुल्क रु. ...३००/- (तीन सय)

ख) आजिवन सदस्यता शुल्क रु. ..५००/- (पाँच सय)

८.२ सदस्यता शुल्कको दर आवश्यकता अनुसार साधारण सभाबाट पारित गराई परिवर्तन गर्न सकिनेछ।

८.३ सदस्यता नवीकरण शुल्क कार्य समितिले तोकिए बमोजिम हुनेछ ।

८.४ यस विधानको परिधि र प्रचलित कानुनभित्र रही सदस्यता वितरण सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

८.५ कुनै संघ संस्थालाई पनि समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सक्नेछ ।

९. **संस्थाको सदस्यताको लागि योग्यताः**

संस्थाको सदस्यता प्राप्त गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) २१ वर्ष उमेर पुगेको नेपाल नागरिक।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको।

(ग) कानूनी व्यक्ति (संघ संस्था) भए प्रचलित कानूनबमोजिम दर्ता भई कानूनी मान्यता प्राप्त भएको।

१०. **सदस्यको अयोग्यताः**

१०.१ देहायको अवस्थामा सदस्यताका लागी अयोग्य मानिने छ।

(क) २१ वर्ष पूरा नभएको

(ख) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट दोषी करार भएको ।

(ग) सदस्यको राजिनामा स्वीकृत भएमा ।

(घ) सदस्यको विरुद्ध अविश्वासको प्रस्ताव यस विधान बमोजिम पारित भएमा वा नवीकरण नगरेमा ।



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

(ङ) कुनै सेवा प्राप्त गर्ने व्यक्ति वा उपभोक्ताले तोकिएको महसुल शुल्क नबुझाई कार्य समितिले सदस्यताबाट हटाइएको व्यक्ति वा संघ संस्था ।

१०.२ संस्थाको उद्देश्य र हित विपरित कार्य गरे गराएको वा त्यस्तो कार्य गर्ने गराउने प्रयत्न गरे गराएको प्रमाणित हुन आएमा कार्य समितिले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्न सक्नेछ । तर यसरी सदस्यता समाप्त गर्नु पूर्व सफाइको मौका दिनु पर्नेछ ।

## परिच्छेद—३
## साधारण सभा

११. साधारण सभाको गठन विधि र सभाको सञ्चालनः

११.१ संस्थाको सर्वोच्च निकायको रुपमा साधारण सभा हुनेछ । कार्य समिति साधारण सभा प्रति र साधारण सभा सम्पूर्ण उपभोक्ताहरुको हित प्रति उत्तरदायी हुनेछ । साधारण सभाको निर्णय, निर्देशन कार्यकारी समितिले अनिवार्यरुपमा पालन गर्नु पर्नेछ ।

११.२ संस्थाको साधारण सभा वर्षको कम्तिमा १ पटक बस्नेछ। यसलाई वार्षिक साधारण सभा भनिनेछ । यसमा संस्थाको सदस्यता प्राप्त गर्ने सबै व्यक्ति उपस्थित हुन सक्नेछन् । मानार्थ सदस्य पर्यवेक्षकको रुपमा मात्र भाग लिन सक्नेछन् ।

११.३ विशेष साधारण सभाः कार्यसमितिको निर्णय बमोजिम वा संस्थाको कम से कम एक चौथाई साधारण सदस्यले लिखित रुपमा अध्यक्ष सामु साधारण सभाको बैठक डाक्न माग गरेमा सचिवले समितिले तोकेको स्थान, समयमा १५ दिनभित्र विशेष साधारणसभा डाक्न सक्नेछ ।

११.४ सभाको सूचनाः संस्थाको नियमित वार्षिक साधारण सभा बस्नका लागि कम्तमिा ३० दिन अगावै र विशेष साधारण सभा बस्नको लागि कम्तीमा १५ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल हुने विषय उल्लेख गरी साधारण सदस्यलाई सूचना दिइनेछ । यस्तो सूचना संस्थाको सूचना पाटीमा टाँसी वा पत्रपत्रिका मार्फत पनि प्रकाशित गर्न सकिनेछ ।

११.५ गणपूरक संख्याः सभामा उपस्थित भई मतदान गर्न पाउने कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिलाई सभाको गणपूरक संख्या पुगेको मानिनेछ । तर पहिलो पटक गणपूरक संख्या नपुगेमा दोस्रो पटक एक तिहाई र तेस्रो पटक पनि गणपूरक नपुगेमा तेस्रो पटक एक चौथाई सदस्य संख्या नै सभाको गणपूरक संख्या मानिनेछ । उपस्थित सदस्य संख्याको बहुमतको निर्णय मान्य हुनेछ ।

११.६ साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछन्। निजको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि उपस्थिति नभएको अवस्थामा संस्थाको कार्यकारी सदस्य मध्ये छानिएको कुनै एक सदस्यले गर्नेछ । तर जसका विरुद्ध अविश्वासको प्रस्ताव ल्याएको हो उसले सभाको सभापतित्व गर्न पाउने छैन ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष



CamScanner

११.७ साधारण सभामा पेश गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ ।

११.८ पक्ष विपक्षमा मत सङ्कलन गर्दा साधारणतया हात उठाई गरिनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ । आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ ।

१२. साधारण सभाको काम कर्तव्य अधिकारः साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) कार्य समितिका सदस्य तथा पदाधिकारीको निर्वाचन गर्ने ।

(ख) लेखा परीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(ग) वार्षिक बजेट पारित गर्ने ।

(घ) लेखा परीक्षण प्रतिवेदन उपर छलफल र निणर्य गर्ने ।

(ङ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

(च) विधान संशोधन तथा विधान र विधानका अधिनमा रही बनाएको नियम विनियममा उल्लिखित अधिकार प्रयोग गर्ने ।

(छ) संस्थाले आयोजना निर्माण सँचालनको लागि समितिले लिएको ऋण तथा सो को ब्याज सहित चुक्ता गर्नु पर्ने रकम बारे छलफल गरी अनुमोदन गरी तोकिएको अवधिमा ऋण रकम चुक्ता गर्न समितिलाई निर्देशन दिने ।

(ज) संस्थाले उपलब्ध गराएको खानेपानी उपभोग गर्न उपयोग हुने मिटरको प्रयोग तथा विलिङ्ग सम्वन्धमा अनुगमन गर्ने ।

(झ) पानी महसुल, विलम्ब शुल्क वा अन्य सेवा दस्तुरहरुको पुनरावलोकन एवं संशोधन वा परिमार्जनको लागि समितिले प्रस्तुत गर्ने प्रस्ताव माथि स्वीकृति प्रदान गर्ने ।

(ञ) व्यवस्थापन तथा प्राविधिक कामका लागि आवश्यक कर्मचारीहरुको स्थायी दरबन्दी स्वीकृत गर्ने ।

(ट) यस समितिको सेवा क्षेत्र बाहिरका छिमेकी गाउँ पालिका वा वडाहरुको विकास निर्माणका कार्यहरुमा सहयोग गर्ने सम्बन्धमा छलफल गरी समितिले गरेको निर्णय अनुमोदन गर्ने ।

(ठ) संस्थाको नियम विनियम बनाउने र संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक समिति वा उप–समिति तथा सल्लाहकार समितिको व्यवस्था गर्ने ।

(ड) संस्थाले सञ्चालन गरेको आयोजनालाई कार्यसमितिले आयोजनाको सञ्चालन सम्बन्धी हस्तान्तरण गर्न सिफारिश गरेकोलाई अनुमोदन गर्ने ।

(ढ) संस्थाको सदस्यता शुल्क सम्वन्धमा आवश्यक निर्णय गर्ने ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष



CamScanner

१३. बिशेष साधारण सभाः

समितिले देहायको अवस्थामा बिशेष साधारण साधारण सभा बोलाउन सक्नेछः

क) कुल सदस्य संख्याको कम्तिमा ५०% सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा

ख) लेखा समिति वा उप समितिले कुनै बिशेष कामको लागि बिशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यसको कारण खोली संचालक समिति समक्ष लिखित अनुरोध गरेमा ।

ग) कुनै संचालकले उक्त सभा बोलाउन आवश्यक ठानी कारण खोली समिति समक्ष गरेको प्रस्ताव समितिद्वारा पारित भएमा ।

१३.१ बिशेष साधारण सभाको गणपुरक संख्या कुल सदस्यको ५० प्रतिशत हुनेछ ।

१३.२ सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि उनुपस्थितिमा सदस्य मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

१३.३ उक्त सभामा पेश गरिने सबै बिषयलाई प्रस्तावको रुपमा पेश गरि बहुमतबाट निर्णय गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

१३.४ यो विधान र यस विधान अन्तर्गत बनेका नियम र विनियम तथा प्रचलित नियम कानुनको अधिनमा रही संस्थाले गर्नुपर्ने सम्पूर्ण काम कारवाही गर्नु तथा कार्य समितिलाई प्राप्त सम्पूर्ण अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्नु साधारण सभाको कर्तव्य हुनेछ ।

१४. सल्लाहकारःसंस्थाको उद्देश्य प्राप्तिका लागि कसैलाई सल्लाहकारमा नियुक्त गर्न वा सल्लाहकार समिति गठन गर्न आवश्यक छ भन्ने कार्य समितिलाई लागेमा कार्य समितिले सल्लाहकारमा नियुक्ति गर्न वा सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद–४
## कार्य समिति

१५. कार्य समितिः

कार्य समितिको चयन निर्वाचन प्रक्रियाद्वारा हुनेछ । यसरी निर्वाचन पद्धतीबाट संस्थाको काम कारवाही, सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि कम्तिमा ३ जना महिला सहित नौ जना भएको एक कार्य समितिको गठन हुनेछ । ३ जना महिला मध्ये कम्तीमा १ जना मुख्य पद (सदस्य बाहेक) मा हुनु पर्नेछ ।

१५.१ कार्य समितिमा साधारण सभाबाट निर्वाचित देहायका सदस्य रहनेछन् ।

क. अध्यक्ष — एक जना

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

ख. उपाध्यक्ष – एक जना

ग. सचिव –एक जना

घ. कोषाध्यक्ष – एक जना

ङ. सदस्य – ५ जना

१५.२ कार्य समितिका पदाधिकारीको कार्य अवधि ३ वर्षको हुनेछ । कुनै उचित कारणवश अर्को कार्य समितिको गठन हुन नसकेको अवस्थामा बढीमा १ वर्षसम्म सोही कार्य समितिले कार्य सञ्चालन गर्न सक्नेछ ।

१५.३ कार्य समितिका पदाधिकारी तथा सदस्यको पदावधि देहायको अवस्थामा समाप्त हुनेछः

(क) कार्य समितिका अन्य पदाधिकारी तथा सदस्यले अध्यक्ष समक्ष र अध्यक्षले उपाध्यक्ष समक्ष राजिनामा दिई स्वीकृत भएमा ।

(ख) लिखित सूचना बिना लगातार तीन पटकसम्म कार्य समितिको बैठकमा अनुपस्थित भएमा सोको उचित कारण पेश गर्न नसकेमा ।

(ग) संस्थाको सदस्यता त्यागेमा ।

(घ) मृत्यु भएमा ।

(ङ) संस्थाको सदस्य हुने योग्यता बमोजिम योग्य नरहेमा।

१५.४. कार्य समितिको कुनै पनि पदाधिकारी वा सदस्य पद कुनै कारण कार्य अवधिबीचमा रिक्त हुन गएमा बाँकी अविधिका लागि त्यस्तो रिक्त पदपूर्ति कार्यसमितिको निर्णयले गर्न सक्नेछ । तर बहुमत संख्यामा पदाधिकारी एवं सदस्य पद खाली भएमा सो पदको परिपूर्ति साधारण सभाबाट मात्र गर्न सकिनेछ ।

१६. निर्वाचनः

१६.१ निर्वाचन प्रक्रिया पूरा गर्नको लागि जिल्ला प्रशासन कार्यालय, सम्बन्धित गा.पा./नगरपालिका तथा सम्वन्धित कार्यालयका एक/एक जना प्रतिनिधि रहेको निर्वाचन समिति गठन गरिनेछ । सो समितिको सदस्य सचिवको कार्य ,सम्बन्धित गा.पा./नगरपालिका बाट प्रतिनिधित्व गर्नेले वहन गर्नेछ । निर्वाचन समितिको संयोजन जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिले गर्नेछ। निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधी समितिले तयार गरी निर्वाचन हुनु पूर्व ३५ दिन अगाडि नै आयोजना क्षेत्रका उपभोक्ता सदस्यलाई जानकारी गराइनेछ ।

१६.२ शपथ ग्रहणः नवनिर्वाचित समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुले निर्वाचन समितिको संयोजक समक्ष शपथ ग्रहण गर्नेछन्। सामान्यतया निर्वाचन सम्पन्न भएको ७ दिनभित्र



मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

CamScanner

तोकिएको ढाँचामा शपथ ग्रहण गराउनु पर्नेछ र शपथ ग्रहण पछि पदाधिकारीले सम्बन्धित कार्यभार सम्हाल्नु पर्नेछ ।

१७. **कार्यकारी समिति तथा पदाधिकारीको काम कर्तव्य अधिकारः**

(क) संस्थाको उद्देश्य बमोजिम सेवा क्षेत्र भित्रका वासिन्दालाई खानेपानी तथा सरसफाई सेवा प्रवाहको दायित्व पूरा गर्ने र गराउने ।

(ख) खानेपानी सेवा बिस्तार सुधार तथा स्तरोन्नतीका लागि ऋण लिने तथा चुक्ता गर्ने गराउने ।

(ग) खानेपानी सेवाको दिगोपनको श्रोतको संरक्षण तथा सरसफाई गर्ने गराउने।

(घ) खानेपानी आयोजनाको सुरक्षा, सञ्चालन, नियमित तथा आवधिक मर्मत/सम्भार र रेखदेख गर्ने गराउने ।

(ङ) नेपाल सरकारले खानेपानीको लागि निर्धारण गरे बमोजिम खानेपानीको गुणस्तर कायम गर्ने ।

(च) सम्बन्धित निकायबाट स्रोत उपयोगको अनुमति लिई स्रोत परिचालन सम्बन्धी आई पर्ने सम्पूर्ण कार्य गर्ने गराउने ।

(छ) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी लेखा परीक्षण गराउने ।

(ज) संस्थाको लागि आर्थिक स्रोत जुटाउने र नियमावली तयार गर्ने ।

(झ) संस्थाको उद्देश्य परिपूर्तिका लागि कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने ।

(ञ) वार्षिक बजेट तथा कार्यक्रम तयार पारी साधारण सभामा पेश गर्ने र साधारण सभाले निर्णय गरे बमोजिम कार्य सञ्चालन गर्ने ।

(ट) संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक समिति वा उप-समिति गठन गर्ने ।

(ठ) संस्थाका लागि कर्मचारी नियुक्ति गर्ने, पारिश्रमिक तथा सेवाका शर्तहरु तोक्ने ।

(ड) संस्थाको कोष सञ्चालन गर्ने ।

(ढ) खानेपानीको स्तर सुधार तथा बिस्तार वा खानेपानीको व्यवस्थापन सुदृढ गर्नका लागि बिज्ञ, व्यवस्थापक वा सल्लाहकार नियुक्त वा मनोनयन गर्ने ।

(ण) सदस्यता प्रदान वा खारेजी गर्ने ।

(त) संस्थाको दैनिक कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

(थ) आवश्यकता अनुसार अख्तियार प्रत्यायोन गर्ने ।

(द) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

मोहन बहादुर के.सी
गा.पा अध्यक्ष



CamScanner

(ध) खानेपानी सेवालाई चुस्त तथा दुरुस्त बनाउन नेपाल सरकारबाट जारी भएका निती , निर्देशिका तथा निर्देशनको कार्यान्वयन गर्ने गराउने

(न) कार्य समितिको निर्वाचन सम्बन्धी व्यवस्था मिलाउने ।

(प) समितिका सदस्यको सुविधा (बैठक भत्ता तथा अन्य) तोक्ने ।

(फ) प्रचलित ऐन नियमले तोकिए बमोजिमका कार्य नगरेमा सेवा बन्द गर्ने, कटौती गर्ने तथा फुकुवा गर्ने ।

(ब) संस्थाले सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकायलाई नगरपालिका गाँउपालिकाबाट निर्धारीत दरमा महसुल तथा सेवा शुल्क असूल उपर गर्ने गराउने ।

(भ) प्रचलित ऐन कानूनमा तोकिए वमोजिम उपभोक्ता तथा अन्य व्यक्तिले गर्न नहुने कार्य गरेमा समितिले प्रचलित ऐन नियम र यस विधान बमोजिम तोकिएनुसार सम्बन्धित निकायबाट कानूनी उपचार लिने ।

(म) समिति समक्ष हकदावी वा नामसारीको निवेदन पर्न आएमा प्रचलित कानून अनुसार हकदावी तथा नामसारी गरि दिने ।

(य) संस्थाले आयोजना निर्माण सञ्चालन मर्मत, सम्भार तथा विस्तारका लागि नेपाल सरकार, वैदेशिक दातृ संस्था वा अन्य कुनै निकायबाट ऋण वा अनुदान प्राप्त गर्ने र कार्य समितिका बीचमा भएको सम्झौताको शर्त अनुसार तोकिएको समयमा ब्याज सहित रकम चुक्ता गर्ने ।

(र) संस्थाबाट भए गरेका खानेपानी सेवा संचालन तथा व्यवस्थापन संग सम्बन्धीत तथ्यांक, सूचना तथा विवरणहरु संलग्न बार्षिक प्रतिवेदन विभाग तथा स्थानीय सरकारलाई उपलव्ध गराउने ।

ल) नेपाल सरकारबाट माग गरिएका खानेपानी सम्बन्धी तथ्यांक, सूचनाहरु उपलब्ध गराउने र आम समुदायलाई जानकारी गराउने ।

व) उपभोक्ताबाट प्राप्त भएका गुनासो व्यवस्थापनका लागि समन्वय तथा सहजिकरण गर्ने

(थ) संस्थाको विधानमा लेखिएका अन्य कार्य गर्ने ।

१८. **अध्यक्षको कामः**

(क) साधारण सभा एवं कार्य समितिको बैठक बोलाउने ।

(ख) साधारण सभा एवं कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।

(ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(घ) आवश्यकता अनुसार संस्थाको तर्फबाट कुनै व्यक्ति, संस्था, सरकारी निकायसंग सम्झौता गर्ने।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष



CamScanner

(ङ) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने। आवश्यकतानुसार आफुमा रहेका अधिकार प्रत्यायोजन गर्ने ।

(च) संस्थाले संचालन तथा व्यवस्थापन गरेको आयोजनाको समष्टिगत जिम्मेवारी लिने ।

(छ) आयोजनाको सफल संचालन र उपभोक्ताको हितलाई सर्वोपरि प्राथमिकता दिई समय समयमा आयोजनाको निरीक्षण गर्ने ।

(ज) समितिको बैठकमा कुनै विषयमा छलफल हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

(झ) प्राप्त भएका गुनासोहरुको प्रभावकारी व्यवस्थापन तथा समाधानको व्यवस्था मिलाउने।

(ञ) संस्थाबाट समाधान हुन नसक्ने गुनासोहरुको समाधानको लागी अन्य निकायहरुसंग समन्वय गर्ने ।

१९. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षको कार्यमा सहयोग पु-याउने ।

(ग) संस्थाको हित हुने अन्य कार्य गर्ने ।

(घ) बिधानमा भएका कार्यहरु गर्ने ।

(ङ) तोकिएका अन्य कार्यहरु गर्ने ।

२०. सचिवको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको निर्देशानुसार वा कार्य समितिको आवश्यकता अनुसार बैठक बोलाउने ।

(ख) कार्य समिति वा साधारण सभाको सूचना दिने ।

(ग) कार्य समिति र साधारण सभाले पारित गरेका निर्णयको अभिलेख राखी कार्य समितिको निर्णय प्रमाणित गर्ने, र निर्णय कार्यान्वयका लागि आवश्यक कार्य गर्ने ।

(घ) साधारण सभामा संस्थाको वार्षिक कार्यक्रम पेश गर्ने ।

(ङ) संस्थाको वार्षिक प्रगति विवरण तयार गर्ने ।

(च) संस्थाको उद्देश्य प्राप्तिका लागि नेपाल सरकार वा कुनै दातृ संस्थामा पेश गर्नु पर्ने प्रतिवेदन तयार गर्ने गराउने, संस्थाको हित हुने अन्य कार्य गर्ने गराउने ।

(छ) उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने ।

२१. कोषाध्यक्षको काम कर्तव्य र अधिकारः

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

(क) संस्थाको आय व्ययको विवरण ठीक दुरुस्त राख्ने राख्न लगाउने ।

(ख) वार्षिक आर्थिक प्रतिवेदन एवं आय व्यय विवरण तयार गर्ने र कार्य समिति मार्फत साधारण सभामा पेश गर्ने गराउने ।

(ग) नेपाल सरकारको कुनै निकाय वा दातृसंस्था समेतमा पेश गर्नु पर्ने आर्थिक विवरण तयार गर्ने गराउने ।

(घ) संस्थाको आय स्रोत जुटाउन सक्रिय रही संस्थाको दैनिक कार्य सम्पादनका लागि संस्था प्रमुख वा सम्बन्धित निकायसंग सम्पर्क राखी काम गर्ने ।

(ङ) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

(च) संस्थाको लेखा सम्बन्धी कार्यको जिम्मेवारी लिने ।

(छ) अध्यक्षसंगको संयुक्त दस्तखतमा बैंकमा समितिको खाता खोली सञ्चालन गर्ने ।

(ज) कम्तीमा वर्षको एक पटक संस्थाको साधारण सभामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई अनुमोदन गराउने ।

(झ) संस्थाको नाममा जम्मा हुन आएको चलअचल सम्पत्ति नगद जिन्सी आदि सम्पत्तिको जिम्मा लिई त्यसको हिसाब किताब राखी खर्चको फाँटवारी तयार गर्ने गराउने ।

(ञ) आवश्यकता अनुसार तोकिए बमोजिम अन्य काम समेत गर्ने ।

**२२. सदस्यको काम कर्तव्य र अधिकारः**

(क) कार्य समिति र साधारण सभाको भेलाले निर्णय गरेका कुराहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ख) आयोजनासंग सम्बन्धित विषयमा समस्या परेमा समाधान गर्न कोशिश गर्ने ।

(ग) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायित्वको निमित्त आवश्यक कार्य गर्ने ।

(घ) उपभोक्तासंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने ।

(ङ) कार्य समितिले तोकिएका कार्य गर्ने ।

**२३. कार्य समितिको वैठक सम्बन्धी कार्यविधीः**

२३.१ कार्य समितिको नियमित वैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

२३.२ वैठकमा हुने छलफलका लागि प्रस्तावित विषय सूची सहित, बैठक बस्ने मिति, समय र स्थान उल्लेख गरी कार्य समितिका पदाधिकारीलाई कम्तिमा ३ दिन अगाडि नै अध्यक्षको निर्देशनमा कार्य समितिको सचिवले पत्रबाट सूचित गर्नु पर्नेछ । कार्य समितिको सदस्यहरुले प्रस्तुत गर्ने प्रस्तावहरु लिखितरुपमा



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

३ दिन अगावै सचिव मार्फत पेश गर्नु पर्नेछ र सचिवले अध्यक्षको अनुमतिमा उक्त प्रस्तावहरु बैठक शुरु हुनु भन्दा १ दिन अगावै कार्य समितिका अन्य सदस्यहरुलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

२३.३ बैठकको अध्यक्षताः कार्य समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि उपस्थिती नरहेमा समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

२३.४ दुई तिहाई भनी किटान गरिएको विषयहरुमा बाहेक अन्य विषयहरुमा सामान्य बहुमतको आधारमा निर्णय गरिनेछ ।

**२४. उपभोक्ता समितिको बैठक र निर्णयः**

२५.१ उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२५.२ उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२५.३ उपभोक्ता समितिको बैठकको अध्यक्षता उपभोक्ता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपभोक्ता समितिको उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा बैठकमा उपस्थित उपभोक्ता समितिका सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

२५.४ बैठकको गणपुरक संख्या जम्मा सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

२५.५ बैठकको निर्णय सामान्य बहुमतबाट हुनेछ ।

२५.६ बैठकको निर्णय उपभोक्ता समितिको सचिवले प्रमाणित गर्नेछ ।

२५.७ उपभोक्ता समितिको बैठक सम्बन्धी अन्य कार्यविधि उपभोक्ता समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. उपभोक्ता समितिको कार्य योजनाः**

२५.१ उपभोक्ता समितिले आफ्नो सेवा क्षेत्रभित्रको आफ्नो क्षेत्रमा गरिने सामुदायिक विकास, स्रोतको संरक्षण र सरसफाई सम्बन्धी कार्यको लागि कार्य योजना तयार गरी साधारण सभाबाट पारित गराउनु पर्नेछ ।

२५.२ उप दफा (२५) बमोजिमको कार्य योजना तयार गर्दा उपभोक्ता समितिले स्थानीय तह र आवश्यकता अनुरुप खानेपानी विभागसंग आवश्यक प्राविधिक परामर्श गरी बनाउनु पर्नेछ ।

२५.३ उपभोक्ता समितले संस्थाको चुस्त तथा दुरुस्त व्यवस्थापनका लागि व्यवसायीक योजना तयार गरि कार्यान्वयन गर्नेछ ।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष



CamScanner

२६. **उपसमितिहरू गठन गर्न सक्नेः** उपभोक्ता समितिले आफ्नो क्षेत्रमा यस विधानमा उल्लेख भए बमोजिमका कार्यहरू सुचारु रुपले संचालन गर्न गराउन आवश्यकता अनुसार उप-उपसमितिहरू गठन गर्न सक्नेछ ।

क) मर्मत सम्भार उप-समिति

ख) सल्लाहकार उप-समिति आदि

२६.१ दफा (२६) बमोजिमका उपसमितिहरूको गठन विधि, काम, कर्तव्य र अधिकार उपभोक्ता समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद—५
## आर्थिक स्रोत

२७. **आर्थिक श्रोतः**

संस्थाको आर्थिक श्रोत देहाय बमोजिम हुनेछः

(क) सरकारी वा गैरसरकारी संस्थाबाट ऋण सहयोग वा अनुदान स्वरुप प्राप्त रकम ।

(ख) सदस्यता शुल्कबाट प्राप्त रकम ।

(ग) विदेशी दातृसंस्थाबाट प्राप्त रकम (यस्तो रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिइनेछ) ।

(घ) साधारण सभा वा कार्य समितिले निर्णय गरे बमोजिम प्राप्त हुने रकम ।

(ङ) अन्य प्रचलित व्यहोराले संस्थाले प्राप्त गर्ने रकम ।

(च) उपभोक्ताबाट उठाइएको पानी महसुल लगायत अन्य रकम ।

(छ) दण्ड जरीवानाबाट उठेको रकम ।

(ज) निर्माण वा अन्य स्रोतबाट आयोजनामा वचत भएको रकम आदि ।

२८. **चल अचल सम्पत्तिको विवरणः** यस विधान बमोजिम प्राप्त रकम तथा संस्थाको नाउँमा रहेको चल अचल जायजेथा संस्थाको सम्पत्ति हुनेछ । सम्पत्तिको परिचालन कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२९. **कोष र कोषको संचालनः** संस्थाको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा दफा २८ बमोजिम प्राप्त रकम आम्दानी बाँधिनेछ । अध्यक्ष, सचिव र कोषाध्यक्ष तीन जनाको संयुक्त दस्तखत वा कार्य



मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

समितिले निर्णय गरी तोकेका व्यक्तिहरुबाट बैंकमा कुनै पनि खाता खोली यी मध्ये कुनै दुई जनाको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

३०. लेखा र लेखा परीक्षणः

३०.१ संस्थाको सम्पत्ति र आयव्ययको विवरण कार्य समितिले तोकिए बमोजिम राखिनेछ ।

३०.२ आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र संस्थाको आयव्यय विवरण र वासलात तयार गरी रजिष्टर्ड लेखा परीक्षकद्वारा लेखा परीक्षण गराइनेछ ।

३०.३ लेखा परीक्षण भई सके पछि सो हिसाब विवरण र तत्सम्बन्धी लेखा परीक्षकको प्रतिवेदन कार्य समितिमा पेश गरी कार्यकारी समिति मार्फत साधारण सभामा पेश गरिनेछ ।

३०.४ साधारण सभाबाट परित लेखा परिक्षण प्रतिवेदन स्थानीय सरकार वा तोकिएको अन्य सरोकारवालालाई उपलब्ध गराईनेछ ।

## परिच्छेद –६
## व्यवस्थापन

३१. व्यवस्थापकको नियुक्ति, काम, कर्तव्य तथा अधिकारः

३१.१ संस्थाको दैनिक प्रशासन तथा कार्य संचालन गर्न संचालक समितिले एक जना व्यवस्थापक नियुक्त गर्नेछ । निजको सेवा शर्त तथा काम कर्तव्य अधिकार संस्थाको नियम तथा सेवा संझौता बमोजिम हुनेछ ।

३१.२ अध्यक्ष अन्तर्गत रहि व्यवस्थापकले संस्थामा कार्यक्रम तर्जुमा, संचालन गर्ने तथा आयोजनाको संचालन तथा व्यवस्थापन गर्ने कार्य गर्नेछ ।

३१.३ व्यवस्थापकले साधारण सभा, संचालक समिति तथा उप समितिहरुको कार्यमा सहयोग तथा समन्वय गर्नेछ ।

३१.४ संस्थाको उद्देश्य प्रासिको लागि आवश्यक बार्षिक कार्यक्रम, बजेट तर्जुमा गरी साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी पेश भई स्वीकृत भएका बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

३१.५ संस्थाको हर हिसाब दुरुस्त राख्ने तथा तोकिए बमोजिम आर्थिक बिवरणहरु तयार गर्न सहयोग पुर्याउने ।

३१.६ संस्था बिरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा दावीको सम्बन्धमा संस्थाको त्रफबाट प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष



CamScanner

३१.७ स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने र बजेट सीमा भित्र रही खर्च गर्ने ।

३१.८ संचालक समितिको निर्णय तथा निर्देशन बमोजिम परियोजनाको सम्झौता अनुसार सम्वन्धित सबै पक्षसंग सहयोग र समन्वय कायम गरी आयोजनाको विकास तथा संचालन गर्ने, गराउने ।

३१.८ संस्थाको विधान तथा संचालक समितिको निर्णय बमोजिम संस्थाको उद्देश्य प्राप्तीको लागि व्यवस्थापनसंग सम्बन्धित संस्थाको कारोवारलाई कुशलता तथा प्रभावकारिताका साथ संस्थाको हित हुने गरी संस्थाको आवश्यक काम गर्ने, गराउने ।

३१.९ संस्थाको चल अचल सम्पत्तिको सुरक्षा, संरक्षण तथा संस्थाको कारोवारमा प्रयोग गर्न सक्ने गरी मर्मत सम्भार, रेखदेख, निरीक्षण, नियन्त्रण गरि समुचित अभिलेख राख्ने तथा तत्सम्वन्धी व्यवस्थापनको काम गर्ने, गराउने ।

३१.१० संस्थाको अचल तथा नगद मौज्दातको संचालक समितिको निर्णय अनुसार विभिन्न जोखिमबाट सुरक्षित गर्न आवश्यक विमा गर्ने, गराउने ।

३१.११ संस्थाको पानी संचिति गर्ने उपकरण, इन्टेक, रिजरभायर, ओभरहेड टैंक, पम्पहरु, पम्प हाउस, पानीको गुणस्तर कायम गर्ने उपकरणहरु, पानी वितरण प्रणाली आदिलाइर, खानेपानीको भरपर्दो वितरण तथा आपूर्ति गर्नको लागि आवश्यक मर्मत सम्भार गरी खानेपानीको आपूर्ति गर्ने व्यवस्थापन गर्ने, गराउने ।

३१.१२ उपभोक्ताहरुलाई सरल तथा सुलभ तरिकाबाट खानेपानीको सेवा आपूर्ति गर्ने, गराउने ।

३१.१३ संस्थाको आर्थिक कारोवारहरुलाई संचालक समितिबाट स्वीकृत लेखा प्रणालीको आधारमा पूर्ण जानकारी प्रवाहित हुने गरी लेखा हिसाब राख्ने । संस्थाको सम्पत्ति, दायित्व, आम्दानी तथा खर्चको कारोवारहरुलाई समयमै लेखांकन गरी आवश्यक सबै लेखा तथा अभिलेखहरु राख्ने ।

३१.१४ प्रत्येक आर्थिक वर्षको लागि स्वीकृत लेखा प्रणाली अनुसार संस्थाको वार्षिक बजेट तर्जुमा, आवधिक पुनरावलोकन, नियन्त्रण गर्ने र संस्थालाई आर्थिक समुन्नति गराउने गरी व्यवस्थापन गर्ने, गराउने ।

३१.१५ संस्थाको आर्थिक कारोवारमा आन्तरिक नियन्त्रण कायम गरी कारोवारलाई कुशल तथा प्रभावकारी ढ्रगले सम्पन्न गर्न गराउने व्यवस्थापन गर्ने ।

३१.१६ संस्थाको प्रत्येक आर्थिक वर्षको आर्थिक विवरण, लेखा हिसाब तथा आर्थिक कारोवारलाई साधारण सभाबाट नियुक्त लेखापरीक्षकबाट आर्थिक वर्ष समाप्त भएको साधारणतया ४ महिना

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

भित्रै लेखापरीक्षण गराई, आर्थिक विवरण सहित लेखापरीक्षकको प्रतिवेदनलाई संचालक समितिबाट पारित गराउने ।

३१.१७ संस्थाको प्रत्येक वर्षको लेखापरीक्षण भई संचालक समितिबाट पारित आर्थिक विवरणहरु तथा लेखापरीक्षकको प्रतिवेदनलाई आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्रै साधारण सभाबाट अनुमोदन गराउने ।

३१.१८ साधारण सभाबाट अनुमोदित आर्थिक विवरणहरु तथा लेखापरीक्षकको प्रतिवेदनलाई सम्बन्धित निकायहरुमा तोकिएको समय भित्रै पठाउने ।

३१.१९ संस्थाको आर्थिक कारोवार संचालन गर्नका लागि संचालक समितिको निर्णय बमोजिम तोकिएको बैंकमा बैंक खाताहरु खोल्ने तथा संयुक्त दस्तखतबाट सुरक्षित तवरले बैंक खाताहरु संचालन गर्ने, सो को बैंक हिसाब मिलान समयमै गर्ने गराउने ।

३१.२० संस्थाले लिएको ऋण रकम, सो को किस्ता तथा ब्याज आदिको उपयुक्त लेखांकन गरी समयमै दातृसंस्था तथा सम्बन्धित निकायलाई भूक्तानी गर्ने ।

३१.२१ संस्थाको वचत कोष (Surplus Fund) लाई ब्याज आर्जन हुने गरी सुरक्षित लगानीमा लगानी गर्न संचालक समितिलाई सुझाव दिने तथा सहयोग गर्ने ।

३१.२२ संस्थाको आर्थिक अवस्थालाई दिगो बनाउने उद्देश्यलाई ध्यानमा राखी संचालक समितिको नीति निर्देशन बमोजिम संस्थाको महशुल निर्धारण गर्ने उप–समितिलाई आवश्यक जानकारी, गराई सुझाव तथा सल्लाहहरु दिने तथा सो उप–समितिबाट सिफारिश भएको महशुल दर (Water Tariff) लाई संचालक समितिबाट स्वीकृति गराई लागू गर्ने, गराउने ।

३१.२३ संचालक समितिको निर्णय बमोजिम संस्थाको कार्य संचालनको लागि नियुक्ति गरिएका कर्मचारीहरुलाई नियुक्ती पत्र दिने, कर्मचारी सम्बन्धी सेवा शर्त नियमावली कार्यान्वयन र लागू गर्ने ।

३१.२४ संस्थाको उप–समितिहरुको बैठक संचालन आदिमा सहयोग गरी सो समितिबाट पेश गरिएका प्रतिवेदन तथा सुझावहरु संस्थाको संचालक समितिमा पेश गरी पारित गराई कार्यान्वयन तथा लागू गर्ने ।

३१.२५ संचालक समितिको निर्णय निर्देशनलाई कार्यान्वयन र लागू गरी सो तर्फको प्रगति प्रतिवेदन (Action Taken report) संचालक समितिमा पेश गरी प्रभावकारी व्यवस्थापन कायम गर्ने ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

३१.२६ संस्थासंग सम्बद्ध तथा सरोकार पर्ने सबै सरकारी गैर सरकारी संस्थाहरुसंग राम्रो समन्वय तथा सम्बन्ध कायम गरी संस्थाको व्यवस्थापन प्रभावकारी बनाउने ।

३१.२७ संस्थाको हितलाई ध्यानमा राखी संचालक समितिले तोकेको अन्य कार्यहरु कुशलता तथा प्रभावकारी ढंगले गर्ने गराउने ।

३२. अधिकारः

संस्थाको व्यवस्थापकले संचालक समितिले प्रत्यायोजित गरेको संस्थाको व्यवस्थापन सम्बन्धी निम्न अधिकारहरु प्रयोग गर्नेछ ।

३२.१ संस्थाको कारोवारलाई कुशल तथा प्रभावकारी ढंगले सम्पन्न गर्नको लागि आवश्यक पर्ने अभिलेख, सम्झौता, संस्थाको अफिस उपकरणहरु संस्थाको काममा उपयोग गर्न पाउने ।

३२.२ आफ्नो मातहतको शाखा प्रमुखहरुलाई आफ्नो अधिकार मध्येका अधिकार प्रत्यायोजन गर्ने तथा संस्थाको कामहरु सुम्पिने वा काम गर्ने आदेश वा जिम्मेवारी दिने ।

३२.३ यस संस्थाको काममा संलग्न कर्मचारीलाई आवश्यक निर्देशन तथा सहयोग गर्ने ।

३२.४ आफ्नो मातहतका शाखा प्रमुखको विदा तथा संस्थाको कामको लागि तोकिए बमोजिमको खर्च पेश्की स्वीकृत गर्ने ।

३२.४ संस्थाको सबै कारोवारको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने ।

३३. रिपोर्ट गर्नेः

३३.१ व्यवस्थापक वा प्रवन्धकले संस्थाको काम कारवाहीको लागि संचालक समिति तथा अध्यक्ष प्रति प्रत्यक्ष रुपमा जिम्मेवार हुने , रिपोर्टिङ्ग गर्ने र जानकारी दिनुपर्ने छ ।

३३.२ संस्थाको सम्पूर्ण कारोवारलाई संस्थाको हितमा प्रभावकारी तथा पारदर्शी ढंगले सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद—७
## निर्वाचन सम्बन्धी व्यवस्था

३४. निर्वाचन सम्बन्धी व्यवस्थाः

३४.१ निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि कार्य समितिले तोके बमोजिम हुनेछ ।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष



CamScanner

३४.२ संस्था दर्ता भएको ६ महीना भित्र पहिलो निर्वाचन गराई सोको जानकारी सम्वन्धित स्थानीय सरकार वा अन्य सरोकारवाला सम्बन्धित निकायलाई गराउनु पर्नेछ ।

३४.३ निर्वाचित सदस्य तथा पदाधिकारीको कार्यावधि दुई वर्षको हुनेछ ।

**३५. उम्मेदवार हुने अयोग्यताः**

३५.१ यस विधानको दफा (१०) बमोजिमको अयोग्यता भएको व्यक्ति कार्य समितिको सदस्य तथा पदाधिकारीको पदमा उम्मेदवार हुन सक्ने छैन ।

३५.२ कार्य समिति सामूहिक एवं व्यक्तिगत रुपले साधारण सभाप्रति उत्तरदायी हुनेछ ।

३५.३ कार्य समितिको कुनै सदस्य वा पदाधिकारीले यस संस्थाको विरुद्ध कार्य गरी संस्थालाई हानी नोक्सानी पुर्याउन खोजेको कुरा प्रमाणित हुन आएमा त्यस्तो सदस्य उपर साधारण सभामा मतदान गर्न पाउने सदस्यले लिखित प्रस्ताव कार्य समिति समक्ष दर्ता गरी त्यस्तो प्रस्ताव सभामा पेश हुँदा दुई तिहाई सदस्यद्वारा पारित भएमा त्यस्तो सदस्य वा पदाधिकारी स्वतः हटेको मानिनेछ ।

तर, जस उपर अविश्वासको प्रस्ताव दर्ता भएको हो उसलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।

**३६. विधान संशोधनः**

यो विधान संशोधन गर्नु परेमा साधारण सभाको दुई तिहाई सदस्यको वहुमतले संशोधन प्रस्ताव पारित गर्नु पर्नेछ । संस्था दर्ता ऐन बमोजिम दर्ता भएको हकमा स्थानीय अधिकारीको स्वीकृति प्राप्त भए पछि मात्र संशोधन लागु हुनेछ । जिल्ला जलश्रोत समितीमा दर्ता भएको हकमा नियमानुसार गर्नु पर्नेछ ।

**३७. नियम विनियम बनाउनेः**

संस्थाको उद्देश्य प्राप्त गर्न प्रचलित ऐन कानून र यस विधानसंग नबाझिने गरी कार्य समितिले आवश्यक नियम, विनियम तथा कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

**३८. संस्थाको विघटनः**

संस्थाले विधान बमोजिम कार्य गर्न नसकी वा अन्य कुनै कारणले संस्था विघटन भएमा संस्थाको नाममा रहेको चलअचल श्री सम्पत्ति, खानेपानी आयोजना र यस सघ सम्बन्धित संरचना लगायत कानूनद्वारा श्रृजित दायित्व प्रचलित कानुन बमोजिम नेपाल सरकारमा सर्नेछ।

**३९. व्याख्या गर्ने अधिकारः**

यो विधानको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**४०. निष्क्रिय हुनेः** यस विधानमा लेखिएका कुराहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय भएको मानिनेछ ।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष



CamScanner

विधान पारित गर्ने समितिका सदस्यहरु सहित भेलामा उपस्थित उपभोक्ता सदस्यहरुको विवरण नाम थर :

| उपभोक्ता समितिका पदाधिकारीहरु | | | | |
|---|---|---|---|---|
| क्र. स. | पद | नामथर | ठेगाना | हस्ताक्षर |
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| आमभेलामा उपस्थित उपभोक्ता सदस्यहरु | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष



CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |
| २४ | | | | |
| २५ | | | | |
| २६ | | | | |
| २७ | | | | |
| २८ | | | | |
| २९ | | | | |
| ३० | | | | |
| ३१ | | | | |
| ३२ | | | | |
| ३३ | | | | |
| ३४ | | | | |
| ३५ | | | | |
| ३६ | | | | |
| ३७ | | | | |
| ३८ | | | | |
| ३९ | | | | |

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष



CamScanner

## उपभोक्ता समिति दर्ताको लागि आवश्यक कागजातहरु :

(क) दर्ता हुनका लागि उपभोक्ता समितिले देहाएको विवरण सहितका कागजातहरु पेश गर्नुपर्नेछ।

१. उपभोक्ता समितिको विधान,

२. उपभोक्ता समितिको पुरा नाम र ठेगाना सहितको छाप,

३. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी,

४. आमभेलाबाट समिति गठन भएको आधिकारिक निर्णय,

५. चार किल्ला सिमाना प्रमाणित,

६. घरधुरी सख्या र उपभोक्ताको नामनामेसी विवरण,

७. सम्बन्धित वडाको सिफारिस पत्र,

८. समितिले प्रयोग गर्ने पानीको स्रोत अन्य क्षेत्रका उपभोक्ताले समेत प्रयोग गर्ने रहेछन् भने पानी बाँडफाँडको समुचित वितरणको व्यवस्था मिलाउने समेतको विषयमा अन्य क्षेत्रका उपभोक्ताहरुलाई समेटेर गरेको निर्णय ।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष



CamScanner